बौधीमाई नगरपालिका
Baudhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
सरमुजवा,रौतहट
sarmujawa,Rautahat
मधेश प्रदेश,नेपाल
Madhesh Province ,Nepal

प.सं. / Ref.No:०८२/०८३
च.न. / Dispatch No:-

## सार्वजनिक सटर बहाल सम्बन्धी शिलबन्दी दरभाउ पत्र आहवान गरिएको सूचना ।

पहिलो पटक प्रकाशित मितिः-२०८२/१०/०९

यस कार्यालयवाट प्रचलित कानुन बमोजिम यस नगरपालिकाको वडा नं.२ इनर्वा र वडा नं.७ बंकुलमा निर्माण भएको तपशिल बमोजिमको सार्वजनिक सटरको आय सटर बहाल बन्दोवस्त गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित भएको छ । सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन (मिति २०८२/१०/२३) भित्रमा निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आहवान गरिएको हुँदा सम्बन्धीत सबैमा जानकारीको लागि अनुरोध छ ।

तपशिल

| क्र स | ठेक्का नं. | सटर नं. | ठेगाना | मासिक न्युनमत मुल्य | पाँच वर्षको न्यूनतम मूल्य | कोठाको क्षेत्रफल | कै |
|---|---|---|---|---|---|---|---|
| १ | BM-०१-२०८२/०८३ | ०१ | बौधीमाई न पा ७ बंकुल | ३,५००।- | २,१०,०००।- | ११*१२ | दक्षिण तर्फको सटर देखि १ नं. कायम हुनेछ । |
| २ | BM-०२-२०८२/०८३ | ०२ | बौधीमाई न पा ७ बंकुल | ३,५००।- | २,१०,०००।- | ११*१२ | |
| ३ | BM-०३-२०८२/०८३ | ०३ | बौधीमाई न पा ७ बंकुल | ३,५००।- | २,१०,०००।- | ११*१२ | |
| ४ | BM-०४-२०८२/०८३ | ०४ | बौधीमाई न पा ७ बंकुल | ३,५००।- | २,१०,०००।- | ११*१२ | |
| ५ | BM-०५-२०८२/०८३ | ०१ | बौधीमाई न पा २ इनर्वा | ७५०।- | ४५,०००।- | १०*१० | दक्षिण तर्फको सटर देखि १ नं. कायम हुनेछ । |
| ६ | BM-०६-२०८२/०८३ | ०२ | बौधीमाई न पा २ इनर्वा | ७५०।- | ४५,०००।- | १०*१० | |
| ७ | BM-०७-२०८२/०८३ | ०३ | बौधीमाई न पा २ इनर्वा | ७५०।- | ४५,०००।- | १०*१० | |
| ८ | BM-०८-२०८२/०८३ | ०४ | बौधीमाई न पा २ इनर्वा | ७५०।- | ४५,०००।- | १०*१० | |
| ९ | BM-०९-२०८२/०८३ | ०५ | बौधीमाई न पा २ इनर्वा | ७५०।- | ४५,०००।- | १०*१० | |

## शर्तहरु

१. शिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.२००/- (अक्षरेपी दुई सय रुपैया मात्र ) फिर्ता नहुने गरि नगद बुझाई यस नगरपालिकाको कार्यालय राजश्व शाखावाट प्राप्त गर्न सकिनेछ सो बोलपत्र फारममा आफुले कवोल गर्न चाहेको रकम अंक

र अक्षरमा स्पष्ट (अंक केरमेट भए अक्षरलाई मान्यता दिईनेछ) उल्लेख गरि सूचनाको अन्तिम दिन भित्र नगरपालिकाको कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

२. बोलपत्र खरिद गर्न आउदा नेपालि नागरिक्ताको प्रतिलिपि/फर्म वा संस्थाको हकमा हालसालै तिरेको कर चुक्ता प्रमाणपत्र र स्थाई लेखा नं. लिई आउनु पर्नेछ । पेश हुन आएको शिलबन्दी बोलपत्र १५औं दिनको २:०० बजे (मिति २०८२/१०/२३ गते) कार्यालयले तोकेको प्रतिनिधिहरु तथा बोलपत्र दाताको रोहवरमा खोलिनेछ ।

३. सटर बहाल स्वीकृत भए पश्चात सम्झौता गर्न आउन पत्रचार गरिनेछ सो म्याद भित्र सम्झौता गर्न नआएमा त्यस पछिका कवोल गर्ने बोलपत्र दाताहरुलाई स्वीकृत गरिनेछ ।

४. सटर बहाल सम्झौता गर्न आउदा आफुले कवोल गरेको अंकको एक वर्षको हुन आउने रकम धरौटी वापत यस नगरपालिकाको धरौटी खाता ग-३ **स्थानीय तह धरौटी खाता बौधीमाई न.पा. D9CA000370752404** मा दाखिला गरेको सक्कलै बैङ्क भौचर पेश गर्नु पर्नेछ । सटर बहाल समयावधि समाप्त भए पछी सो रकम फिर्ता गरिनेछ ।

५. सटर बहाल सम्झौता गर्न आउदा त्रैमासिक बहाल रकम अग्रिम बुझाएको हुनु पर्नेछ र सोहि अनुसार त्रैमासिक रुपमा बहाल रकम अग्रिम बुझाउदै जानु पर्नेछ । महिनाको समाप्ति भएको १५ दिन सम्म पनि बहाल नबुझाए थप १०% जरिवाना लाग्नेछं र १ महिनासम्म भाडा नबुझाए धरौटी रकम वाट असुल गरि सम्झौता रद्द गरिनेछ ।

६. सटर भाडामा लाग्ने थप बहाल कर (१०%) लगाएतका सम्पूर्ण कर दस्तुर बहालवाला स्वयंमले व्यहोर्नु पर्नेछ ।

७. व्यवसाय संचालन गर्दा स्थानीय संरचना विगार्ने वा स्थानीयलाई कुनै प्रकारको अफठयारो हुने गुनासो भएमा वा विवाद भएमा जुनसुकै समयमा पनि यस कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

८. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

९. सटर बहालमा लिए पश्चात कुनै कारण बस सटर छोड्नु परे ३ तिन महिना अघावै कार्यालयलाई जानकारी गराउनु पर्नेछ जानकारी नगराए ३ महिना बरारबको बहाल रकम धरौटीवाट असुल गरीनेछ ।

१०. यो सूचनामा उल्लेख नभएका अन्य विषयहरु नगरपालिकाले तोके बमोजिम हुनेछ ।

११. सटरमा विजुली तथा खाने पानिको व्यवस्था वाहालवाला स्वयंमले गर्नु पर्नेछ ।

१२. सटर बहाल अवधि सम्झौता भएको मिति देखि ५ पाँच वर्षको हुनेछ ।

२०८२/१०/०८

उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत